दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ७९ | बुटवल | २०८१ चैत ०३, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Mar. 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## ‘सरकारको स्वेच्छाचारिताले देश संकटमा’



बुटवल । समाजवादी मोर्चाले सरकारको स्वेच्छाचारिताका कारण देशले अप्ठ्यारो र संकटपूर्ण अवस्थाको सामना गरिरहेको जनाएको छ ।

देशमा विकसित नयाँ परिस्थिति र प्रतिगामी तत्वहरूको क्रियाकलापबारे दृष्टिकोण अगाडि सार्न शनिबार आयोजित पत्रकार सम्मेललनमा समाजवादी मोर्चाले यस्तो जनाएको हो । मोर्चाले भ्रष्टाचार, कमिशन र कालोबजारीले अर्थतन्त्र संकटग्रस्त रहेको पनि उल्लेख गरेको छ ।

‘संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको विकासमा देखिएको ठहराव र राज्यसत्ताको बागडोर सम्हालेका अलोकतान्त्रिक रबैया र गतिविधिका कारण नेपाली जनताका अधिकारहरू एकपछि अर्को कुण्ठित हुँदै गैरहेका छन् । राज्य सञ्चालकको स्वेच्छाचारिताका कारण देशले अप्ठ्यारो र सङ्कटपूर्ण अवस्थाको सामना गरिरहेको छ । भ्रष्टाचार, कमिशन र कालोबजारीले अर्थतन्त्र संकटग्रस्त छ ।’- विज्ञप्तिमा भनिएको छ ।

मोर्चाले सरकारको गलत रबैयाका कारण जनतामा असन्तुष्टि बढ्दै गएको पनि जिकिर गरेको छ ।

‘नेपाली जनताको जनजीविका कहाली लाग्दो अवस्थामा छ । सरकार बिचौलिया दलालहरूको स्वार्थसिद्धिमा केन्द्रित छ । लोकतान्त्रिक मूल्य मान्यताको उपहास गर्दैछ ।’- मोर्चाको तर्फबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा ‘अध्यादेशमार्फत् सरकार चलाउने, सदनलाई छल्ने, र संसदमा दर्ता भएका महत्वपूर्ण विधेयकहरू नियन्त्रण गरी राख्नेमा सरकार उद्धत रहेको तथा सरकारको कुशासन र अस्तव्यस्तताका कारण नेपाली जनतामा एकपछि अर्को असन्तुष्टि र आक्रोश तीब्ररुपमा बढ्दै गएको छ ।’- उल्लेख छ ।

कार्यक्रममा प्रचण्डले प्रचण्डले समाजवादी मोर्चाको गन्तव्य समाजवादी गणतन्त्रसम्म जाने रहेको भन्दै वैज्ञानिक समाजवाद स्थापना गरी जनताको जीवनमा परिवर्तन ल्याउने नयाँ संकल्प लिइएको बताए ।

अहिलेको संविधानमा रहेको समाजवाद उन्मुख गणतन्त्रलाई वैज्ञानिक समाजवादसम्म पुग्ने लक्ष्यसहित चारवटै पार्टी मिलेर समाजवादी मोर्चा बनेको उनले बताए ।

प्रचण्डले सार्वभौम जनताले ल्याएको गणतन्त्रमाथि धावा बोल्न संविधानले नै रोकेको भन्दै त्यस्तै अवस्था ल्याउन खोजे जनताको सार्वभौमसत्ता कायम गराइराख्न चुप लागेर नबस्ने जनाए ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले वंशको आधारमा लुट्न खोज्नेहरूको हातमा देश पुगे बर्बाद हुने बताएका छन् ।

समाजवादी मोर्चाले शनिबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले लुट्ने इतिहास बोकेकाहरूको हातमा देश जान नहुने बताए । पूर्वराजा ज्ञानेन्द्र शाहलाई लक्षित गर्दै नेपालले वंशको आधारमा देश चलाउँछु भन्नेहरूले देशलाई लुट्न मात्रै जानेको बताए । उनले व्यवस्था बदलिनु पर्ने तर पुरानोतिर फर्कने नभई अग्रगमनतिर जानु पर्ने विचार व्यक्त गरे ।

मोर्चाले संघीयता र गणतन्त्रको विरुद्धमा भइरहेको चलखेलको विरोधमा १५ चैतमा काठमाडौंमा प्रदर्शन गर्ने भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रको स्वाधीनता र नेपाली जनताको समाजवादको यात्रामा चुनौती देखा परेको भन्दै मोर्चाले प्रदर्शन गर्न लागेको हो ।

## कर्तव्य ज्यान मुद्दामा फरार पाँच वर्षपछि पक्राउ



भैरहवा । अदालतबाट फौजदारी/देवानी मुद्दामा कैद वा जरिवाना वा दुवै सजाए पाएका फरार प्रतिवादीहरुलाई प्रहरीले धमाधम पक्राउ गर्दै आएको छ । अदालतको फैसला कार्यान्वयन सिलसिलामा जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको टोलीले फैसला भएको पाँच वर्षपछि एक जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रुपन्देहीको तिलोत्तमा नगरपालिका-१७ का मानबहादुर थारु रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी एवं डीएसपी सुरज कार्कीका अनुसार कर्तव्य ज्यान मुद्दाका फरार रहेका थारुलाई फैसलाको पाँच वर्षपछि पक्राउ गरिएको हो ।

०७६ पुस २३ गते जिल्ला अदालत रुपन्देहीले कर्तव्य ज्यान मुद्दामा थारुलाई दोषी ठहर गर्दै चार वर्ष एघार महिना दुई दिन कैद सजाएको फैसला पश्चात उनी फरार भएका थिए । फरार रहेका उनलाई बुधबार पक्राउ गरी अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# भैरहवामा धम्मयात्रा



**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको भैरहवा लुम्बिनी गेटसम्म बुद्धको अस्तिधातुसहितको धम्मयात्रा भएको छ । लुम्बिनीमा पाँच सय जनाको कुलपुत्र प्रव्रज्या कार्यक्रम गरेसँगै भैरहवामा धम्मयात्रा भएको हो । भगवान बुद्धले बुद्धत्व प्राप्त गरेपछि कपिलवस्तु आउँदा प्रयोग गरेको बाटोलाई पछ्याउँदै भैरहवामा ती अल्पकालिन भिक्षुले बुद्धको अस्तुधातुसहित यात्रा गरेका हुन् । थाइल्याण्डको धम्मकाय परिवार र बौद्ध समाज, नेपालको संयुक्त व्यवस्थापनमा तथा अखिल नेपाल भिक्षु महासंघ, थाई भिक्षु महासंघ, लुम्बिनी विकास कोषलगायतको आयोजनामा कार्यक्रम गरिएको हो ।

लुम्बिनीबाट श्रामणेरमा प्रवजित ५ सय जना अल्पकालिन भिक्षु, भन्तेहरू, स्थानीय बासिन्दा, संघसंस्था, स्थानीय सरकारका प्रतिनिधि सहभागी हुने गरी बृहत् धम्मयात्रा तय गरिएको आयोजक संस्था बौद्ध समाज नेपालकी महासचिव राधिका पुनले जानकारी दिइन । मायादेवी मन्दिर परिसरमा बौद्ध धर्मगुरुहरूबाट पहेंलो चीवर प्रदान गरी श्रामणेर प्रव्रज्या गराइएको उनले जानकारी दिइन् ।

भैरहवाको आँखा अस्पतालदेखि बुद्धचोक हुँदै लुम्बिनीद्वारसम्म यो यात्राको आयोजना गरिएको हो । बोधगायामा बुद्धले बुद्धत्व प्राप्त गरेपछि कपिलस्तुको कुदानमा आउँदा २० हजारभन्दा धेरै भिक्षुको साथमा यही बाटोको रूट हुँदै हिँडेको इतिहासको आधारमा यो कार्यक्रम गरिएको आयोजकले जानकारी दिएका छन् ।

बुद्धले ज्ञान लाभ प्राप्त गरेपछि पहिलोपटक आफ्ना पिता राजा शुद्धोधनको निमन्त्रणामा गृहनगर कपिलवस्तुको तिलौराकोट आउँदा प्रयोग गरेको मार्ग हालको सिद्धार्थनगर-लुम्बिनी मार्गमा अवस्थित लुम्बिनी गेटसम्म धम्मयात्रा भएको हो भने शनिबार नै बुटवलको पुलचोकदेखि चाँदबारीसम्म, कोलिया बुद्ध विहार देवदह र देवदहको भवानी पुरमा समेत धम्मयात्रा भएको छ ।

भैरहवामा रहेको लुम्बिनीद्वार हालसम्म विश्वको एकमात्र लुम्बिनीको नामबाट रहेको द्वार भएकोले यसको प्रवर्द्धन गर्न पनि यो कार्यक्रम गरिएको समाजका अध्यक्ष शंकर गाहा मगरले बताए ।

धम्मकायका सल्लाहकार डा. आदिसक भने-‘गत वर्ष भैरहवामा गरिएको धम्मयात्राले बुद्धको सन्देशलाई स्थानीयहरूसम्म पुऱ्याउन ठूलो सहयोग गरेको बताउँदै हरेक वर्ष निरन्तरता दिनेगरी यो कार्यक्रम तय गरेका छौं, यो हरेक वर्ष आयोजना हुने ।’ धम्मकायका अध्यक्ष भन्ते फ्रा थाभोर्न थाभ्राले गत वर्ष १ हजार २५० जनाको श्रामणेर गरिएकोमा यो वर्ष ५ सय जनाको गरिएको बताए । ‘कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी गराउन यसपटक श्रामणेरको संख्या केही घटाइएको हो ।’-उनले भने । बुद्धका उपदेश र शिक्षालाई फैलाउनका लागि धम्मयात्रा फलदायी हुनेमा विश्वस्त रहेको उनले औंल्याए ।

गत वर्ष यहाँ १ हजार २ सय ५० जनाले यात्रा गरेकोमा व्यवस्थित रूपमा गर्नका लागि यस वर्ष ५ सय जनालाई सहभागी गराइएको हो । यो देशकै कार्यक्रम रहेकोले यसमा स्थानीय सरकार, लुम्बिनी विकास कोषले पनि अपनत्व लिने गरि लैजानु पर्छ ।

यात्रामा स्थानीय तथा आमा समूहहरूले पुष्प चढाउँदै भिक्षुहरू हिडिरहेका थिए भने यात्राको अगाडि भगवान बुद्धको अस्तुधातु प्रदर्शन गरिएको थियो । मायादेवी मन्दिर परिसरमा ५ सय जनालाई बौद्ध धर्मगुरुहरूबाट चीवर दान गरी सुरु भएको प्रव्रज्या ५ सय नवश्रामणेरलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

अल्पकालीन भिक्षुहरूले पहेँलो चीवर लगाएर बुद्ध धर्मका १० वटा नियमहरू पालना गर्नुपर्नेछ । सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशीलको पालना गर्ने भए पनि अल्पकालीन भिक्षुले आगामी चैत ३ गतेसम्म पूर्णरूपमा बौद्ध नियममा आफूलाई रूपान्तरण गर्नु पर्नेछ । भिक्षु बन्नका लागि भने २२७ वटा नियमहरू पालना गर्नुपर्ने हुन्छ । फागुन १४ गतेदेखि सुरु भएको प्रव्रज्यामा फागुन १६ गते ललितपुर स्थित अक्षेश्वर महाविहारमा केश मुन्डन गरेका थिए । चीवर प्राप्त गरेका उनीहरूलाई पञ्चशिल, अष्टशिल र विनयपिटकका बारेमा जानकारी दिने र दैनिक ध्यान गराइने आयोजकले जनाएका छन् ।

यसअघि लुम्बिनी परिसरमा भिक्षाटन र लुम्बिनीमा ७ हजार दीप प्रज्ज्वलन, देवदह, बुटवल र रामग्रामदेखि लुम्बिनी धम्मयात्रा सम्पन्न भएको छ । व्यवहारिक, वैज्ञानिक ज्ञान, ध्यान र मैत्री, करूणा बढाउने साधना सिकाउने प्रव्रज्यामा भिक्षु बन्न इच्छुक व्यक्तिहरू निःशुल्क सहभागी भएका थिए । सन् २०११ मा १ हजार जना, २०१५ मा १ हजार १ सय १२ जना, सन् २०१९ मा १ हजार १ सय १९ जना, सन् २०२३ मा ५ सय र सन् २०२४ मा १ हजार २ सय ५० जनालाई प्रव्रज्या गराइएको थियो भने यसवर्ष ५ सय जनालाई प्रव्रज्या गरिएको छ ।

नयाँ भिक्षुहरूलाई धार्मिक र आध्यात्मिक शिक्षा दिनुका साथै समाजमा सहिष्णुता र समानताको मूल्य स्थापित गर्न र विशेष गरी युवा पुस्तालाई प्रोत्साहित गर्न भिक्षु प्रव्रज्या कार्यक्रम महत्वपूर्ण रहेको छ ।

## उपभोक्ताको अधिकारप्रति तीनै तहका सरकारको बेवास्ता

**लुम्बिनी संवाददाता**

*भैरहवा*

उपभोक्ताको अधिकारप्रति संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारले बेवास्ता गरेको सरोकारवालाले गुनासो गरेका छन् । सरकारले बेवास्ता गर्दा उपभोक्ताहरु गुणस्तरहीन खाद्यान्न तथा सेवा उपभोग गर्न र कालोबजारीको मारमा पर्न बाध्य भएको उनीहरुले औंल्याएका छन् ।

‘स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ता संरक्षणको दिगो आधार’ नारासहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवाको आयोजनामा विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा भएको कार्यक्रममा सरोकारवालाले बजार अनुगमनमा नियमितता र उपभोक्तामा सचेतना बढाउनुपर्ने उनीहरु सुझाव दिए ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले उपभोक्ताको हितको विषयमा सरोकारवाला सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए । व्यवसायी र उद्योगीहरुले आफू पनि उपभोक्ता भएको तथ्यलाई मनन् गरी गुणस्तरीय वस्तु र सेवामा सम्झौता गर्न नहुनेमा जोड दिए । प्रभावकारी बजार अनुगमन गर्ने हो भने करिब ९० प्रतिशत व्यवसाय कारबाहीको दायरामा आउने अवस्था रहेको उनले औंल्याए ।

खाद्य तथा अनुसन्धान कार्यालयका खाद्य अधिकृत हेमन्त गौतमले कार्यपत्र पेश गर्दै रासायनिक पदार्थ र सूक्ष्म जिवहरुले खाद्य स्वच्छतालाई असर पार्ने बताए । खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ कार्यान्वयनमा आएको भएपनि कमजोर अवस्थामा रहेको उनले बताए । उपभोक्ता हित संरक्षण मञ्च, लुम्बिनी प्रदेशका अध्यक्ष तेज कुमार पाठकले सरकारी निकायहरुले उपभोक्ताको अधिकारप्रति संवेदनशील नहुँदा आम उपभोक्ता जन्मदेखि मृत्युसम्म ठगिने गरेको गुनासो गरे ।

कानुन एकातिर र ब्यवहार अर्कोतिर रहेको भन्दै उनले अनुगमन पक्ष फितलो रहेको बताए । संविधानमा उपभोक्ताको अधिकारलाई मौलिक हकका रुपमा राखिएको उनले स्मरण गराए । काठमाडौंमा उपभोक्ता अदालत स्थापना भएको भन्दै देशभर नै उपभोक्ता अदालत गठन हनुपर्ने उनले जनाए । खाद्यान्नमा प्रयोग हुने २९ मध्ये २ वटा किटनासकको मात्र जाँच हुने गरेकाले मानिसमा मृगौला, मुटुलगायतको स्वास्थ्य समस्या देखिने गरेको उनले बताए । नेपाल साल्ट ट्रेडिङबाट उत्पादित नुनमा आयोडिनको मात्रा बढी हुदा मानिसहरुमा थाइराइडको समस्या देखिएको उनले जनाए ।

कार्यक्रममा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका शाखा अधिकृत लक्ष्मी शर्माले उपभोक्ता हकअधिकारको विकास क्रमका बारेमा जानकारी दिइन् ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले उपभोक्ता हित सम्बन्धि कानुनी विषयमा जागरण निरन्तर जरुरी रहेको बताए । औषधी बेच्ने पसलहरुमा बेड राखेर नै अपरेसन गर्ने परिपाटी रहेको भन्दै यसमा सरोकारवाला निकायहरुको ध्यान जान नसकेको जनाए । कार्यक्रममा नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले उपभोक्ता हितका कुरा संस्थागत रुपमा कम भएको भन्दै यसतर्फ सरोकारवालाहरु लाग्नुपर्ने बताए ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ लुम्बिनी प्रदेशका वरिष्ठ उपाध्यक्ष गणेश अधिकारीले उपभोक्ताको हकअधिकारको पक्षमा गरिएका कामको बारेमा समीक्षा जरुरी रहेको जनाए ।

कार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रमुख उर्मिला गुभाजु, कार्यालयका सौगात आचार्यले विश्व उपभोक्ता अधिकार दिवसमा सरोकारवालाहरुलाई एकठाउँमा ल्याएर गल्ति कमिजोरीहरुलाई औंल्याउने र सच्याउन मद्दत मिल्ने बताए ।




## सम्पादकीय

# पूर्व विशिष्टलाई आजीवन सुविधा आपत्तिजनक

पछिल्लो तथ्यांकअनुसार नेपालको सार्वजनिक ऋण २७ खर्ब बढी पुगेको छ। प्रत्येक नेपाली नागरिकको थाप्लोमा सरकारले करिब ९० हजार ऋणको भारी अनाहकमा बोकाएको छ। मुलुकमा बेरोजगारीको समस्या प्रमुख चुनौती बनेको छ। देशमा रोजगारी नपाएर दैनिक सरदर २ हजार जना नेपाली जीविकोपार्जनका लागि विदेश जान बाध्य छन्। मुलुकमा उठ्ने राजस्वले कर्मचारीलाई तलब खुवाउन ठीक्क छ। वडा सदस्यदेखि राष्ट्रपतिसम्मका ३६ हजार जनप्रतिनिधिलाई विभिन्न शीर्षकमा मासिक तलब सरहको सुविधा दिन विदेशबाट ऋण ल्याउनुपरेको छ। कृषि प्रधान भनिने मुलुकमा वर्षेनी अर्बौंको कृषिजन्य वस्तु आयात गर्नुपरेको छ। शिक्षा र स्वास्थ्य पूर्णरुपमा राज्यको दायित्वमा छैनन्। निजी क्षेत्रको शिक्षा र स्वास्थ्य महँगो भएकाले गरिब र विपन्न वर्गको पहुँचभन्दा टाढा छ। पैसाकै अभावमा उपचार गर्न असमर्थ भई हजारौं नेपाली रोग पालेर बस्न विवश छन्। कैयौंले उपचार गर्न नसकेर अकालमै ज्यान गुमाउनु परेको छ। मुलुकमा हजारौंको संख्यामा नागरिकहरु भूमिहीन सुकुम्बासी छन्। उनीहरुलाई सजिलोसँग छाक टार्न पनि गाह्रो छ। मुलुक भ्रष्टाचार हुने देशको सूचीमा विश्वकै अग्रपंक्तिमा छ। विकास निर्माण र सार्वजनिक सेवा प्रवाह प्रभावकारी छैन। मुलुकको आर्थिक अवस्था यस्तो जर्जर र दूरावस्थामा भएको जान्दाजान्दै राज्यलाई वर्षेनी निकै ठूलो आर्थिक भार हुने गरी पूर्व विशिष्टहरुलाई आजीवन सुविधा दिने गरी सरकारले कानुन बनाउन लागेको कुराले सरकारप्रति जनआक्रोश थप बढाएको छ।

पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष, पूर्वसभामुख र राष्ट्रिय सभाका पूर्वअध्यक्षलाई आजीवन मासिक भत्ता, घर भाडा/घर मर्मत खर्च, सवारीसाधन, सचिवालयमा कर्मचारी र सहयोगी राख्नेसहितका आजीवन सुविधा दिने कुरा एक त नेपालको अहिलेको अर्थतन्त्रले धान्न सक्दैन, अर्को कुरा यो आफैंमा सरासर अनुचित र अनैतिक हुन्छ। पूर्वपदाधिकारीको सुविधासम्बन्धी विधेयक तर्जुमाका लागि गृहमन्त्री रमेश लेखकले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको बताइन्छ। अहिले पनि पूर्वपदाधिकारीले मन्त्रिपरिषद्बाट निर्णय गराएरै सुरक्षा, सवारी, इन्धनसहितका सुविधा लिँदै आएका छन्। यसका अतिरिक्त मन्त्रिपरिषद्बाट पटके निर्णय गराएर उपचार र जीवन निर्वाह भत्तासमेत लिने गरेका छन्। त्यसैलाई संस्थागत गर्ने गरी सरकारले कानुन निर्माण प्रक्रिया अघि बढाएको हो।

यो विधेयक पारित भएर कानुन बनेमा मुलुकलाई दीर्घकालसम्म निकै ठूलो आर्थिक भार पर्ने निश्चित छ। यद्यपि सत्तारुढ दल कांग्रेस महामन्त्री गगन थापा, नेता शेखर कोइराला, प्रमुख प्रतिपक्षी दलका नेता प्रचण्डलगायतका नेताहरु, पूर्व न्यायाधीशहरु र जनस्तरबाट समेत यो विधेयकको चर्को आलोचना सुरु भइसकेको छ। मुलुकलाई ऋणमा डुबाएर पूर्वपदाधिकारीलाई राज्यको ढुकुटीबाट आजीवन पालनपोषण गर्ने गरी कानुन बनाउनु देश, जनता र संविधानमाथिको घात, बेइमानी र नीतिगत अपराध हुने भन्दै यो विधेयक फिर्ता हुनुपर्ने पक्षमा छन्। उनीहरुले अहिले दिइरहेको सुविधा समेत ब्यापक कटौती गर्नुपर्नेमा जोड दिएका छन्। सरकारले नागरिकलाई ऋण र करको भारी मात्रै बोकाउने, सीमित नेताहरु आजीवन राज्य दोहन गर्ने र गराउनेमै केन्द्रित देखिनु देशका लागि योभन्दा दुर्भाग्य अरू के हुन्छ र ?

पूर्वपदाधिकारीलाई आजीवन होइन, अहिले दिइँदै आएकामा पनि सुरक्षाबाहेक आर्थिक दायित्व पर्ने सबै सुविधा रोक्नुपर्छ। पूर्वपदाधिकारीलाई सुविधा दिने कानुन निर्माण प्रक्रिया नै रोक्न चौतर्फी दबाब जरुरी छ। एक पटक एउटा जिम्मेवारीमा बसेकै आधारमा सवारीसाधन, सरकारी सुविधामा कर्मचारीसहित सचिवालय, मासिक वेतन, इन्धन, घर भाडा/घर मर्मत खर्चसहित सुविधा दिइनु सर्वथा गलत र अनुचित हो, राज्यको दोहन हो। यो नागरिकप्रतिको अपमान हो। सरकारको यो कदमले सडकमा जनआक्रोश अझ बढाएर व्यवस्थाप्रति नै खतरा पैदा गर्ने स्थिति निम्तिन सक्छ, यसलाई तुरुन्त रोक्नुपर्छ। बरु २०४६ पछि कुन पदाधिकारीले राज्यको ढुकुटीबाट कति सुविधा लिए भनेर यकिन विवरण सार्वजनिक गर्नुपर्छ। जनताले खुन र पसिना बगाएर तिरेको करमा रजगज हुनु आपत्तिजनक छ। पूर्वपदाधिकारीका लागि सुरक्षाकर्मीबाहेक सबै सुविधा खोस्नुपर्छ।

# समृद्धिका लागि विज्ञान प्रविधि



प्राडा दिलिप सुब्बा

*नास्टले यसै वर्ष विज्ञान प्रविधि सूचना प्रणाली केन्द्रको स्थापना गरी विज्ञान प्रविधिको सम्पूर्ण सूचनालाई भण्डारण गरी उपयोगमा जोड दिइएको छ। वार्षिक कार्यक्रमका लागि तय गरेका विभिन्न अनुसन्धान तथा विज्ञान प्रविधिका प्रवर्तनात्मक कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसको लागि विभिन्न विषयगत वैज्ञानिक उपसमितिहरूलाई क्रियाशिल बनाइएको छ। चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापनाको कामलाई पूर्णता दिई जनशक्तिको व्यवस्था गरेर विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। संरचना एवं पूर्वाधार विकासतर्फ बितेको आर्थिक वर्षमा बायोमेडिकल रिसर्च ल्याबको निर्माण कार्य सम्पन्न भएको छ भने हाल 'सेकेन्डरी स्टयान्डर्ड डोसिमेट्री ल्याबरेटोरी'को निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेको छ।*

विज्ञानको प्रभावकारी प्रयोगले मात्रै कुनै पनि राष्ट्रलाई दिगो विकास र समृद्धिको मार्गतर्फ डोहोऱ्याउन सक्छ। वैज्ञानिक अनुसन्धान, प्रविधिको नवप्रवर्तन र शिक्षामा लगानी गरी समाजलाई आधुनिक, आत्मनिर्भर र दिगो रूपमा विकास गराउन सकिन्छ। विज्ञान बिना समृद्धि सम्भव छैन भन्ने तथ्य विश्वका विकसित र विकासशील राष्ट्रहरू प्रगतिबाट प्रष्ट हुन्छ। नेपालजस्तो विकासोन्मुख देशको आर्थिक, सामाजिक र दिगो विकासका लागि भने विज्ञान र प्रविधिको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। वैज्ञानिक अनुसन्धान, नवीन प्रविधि र डिजिटल रूपान्तरणले नेपालको समृद्धि, पूर्वाधार विकास, स्वास्थ्य सेवा सुधार, कृषि उत्पादकत्व वृद्धि र वातावरणीय सन्तुलनजस्ता क्षेत्रमा ठुलो योगदान दिन सक्छ। विज्ञान र प्रविधिको प्रभावकारी प्रयोगले मुलुकको समृद्धि, औद्योगीकरण तथा दिगो विकासको मार्ग खोल्न सक्छ। सरकारले वैज्ञानिक अनुसन्धान, प्रविधिमा लगानी र प्रविधिमा आधारित नीति निर्माणलाई प्राथमिकता दिएमा नेपाललाई आधुनिक र आत्मनिर्भर राष्ट्र बनाउन सकिन्छ। विज्ञान प्रविधि नेपालको उज्ज्वल भविष्यको आधारस्तम्भ हो।

राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्त्वपूर्ण भूमिका रहन्छ। विश्वमा विकसित राष्ट्रहरूको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ। जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ। तथापि, नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन। नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आबद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात् गरेको छ।

सरकारले विज्ञान, प्रविधि र नवप्रवर्तन नीतिमार्फत् वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास र नवप्रवर्तनलाई दिगो विकासको प्रमुख आधारका रूपमा अघि बढाउने लक्ष्य राखेको छ। नेपालमा विज्ञान र प्रविधिसम्बन्धी नीति पहिलो पटक २०४४ सालमा ल्याइएको थियो। त्यसपछि समयानुसार यसमा संशोधन हुँदै आएको छ। पछिल्लो विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले वैज्ञानिक सोच, अनुसन्धान, प्रविधि हस्तान्तरण, तथा नवप्रवर्तनलाई प्राथमिकता दिएको छ। यस नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरुतीलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ। यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरूलाई समेट्ने प्रयास गरेको छ। कृतिम बौद्धिकता (एआई), नानो प्रविधि, वायो प्रविधि, परमाणु विज्ञान, इन्जिनियरिङको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यावसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइवर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रूपमा लिइएको छ।

विज्ञान, प्रविधि र नवप्रवर्तनलाई समृद्ध नेपालको निर्माणका लागि प्रमुख आधारका रूपमा लिइएको छ। सोह्रौं पञ्चवर्षीय योजनामा योजनाले वैज्ञानिक अनुसन्धान, सूचना प्रविधि र नवप्रवर्तनलाई प्रवर्द्धन गरी दिगो आर्थिक विकास गर्ने लक्ष्य राखेको छ। यस योजनामा विज्ञान प्रविधिसम्बन्धी मुख्य रणनीति र लक्ष्यहरूमा सूचना प्रविधिको विकास, अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन, कृषि तथा खाद्य सुरक्षामा विज्ञान प्रविधिको प्रयोग, स्वास्थ्य क्षेत्रमा प्रविधिको विस्तार, पूर्वाधार तथा ऊर्जा प्रविधिको प्रयोग, वातावरण तथा जलवायु परिवर्तन न्यूनीकरणका विषयहरूलाई समावेश गरिएको छ।

**नास्टको भूमिका**

नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)ले स्थापनादेखि निरन्तर रूपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सू-सुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ। विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरूबिच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ।

प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भइसकेको छ। नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवं जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ।

नास्टले यसै वर्ष विज्ञान प्रविधि सूचना प्रणाली केन्द्रको स्थापना गरी विज्ञान प्रविधिको सम्पूर्ण सूचनालाई भण्डारण गरी उपयोगमा जोड दिइएको छ। वार्षिक कार्यक्रमका लागि तय गरेका विभिन्न अनुसन्धान तथा विज्ञान प्रविधिका प्रवर्तनात्मक कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसको लागि विभिन्न विषयगत वैज्ञानिक उपसमितिहरूलाई क्रियाशिल बनाइएको छ। चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापनाको कामलाई पूर्णता दिई जनशक्तिको व्यवस्था गरेर विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। संरचना एवं पूर्वाधार विकासतर्फ बितेको आर्थिक वर्षमा बायोमेडिकल रिसर्च ल्याबको निर्माण कार्य सम्पन्न भएको छ भने हाल 'सेकेन्डरी स्टयान्डर्ड डोसिमेट्री ल्याबरेटोरी'को निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेको छ।

विदेशी वैज्ञानिक संस्थाहरूसँगको सम्बन्ध र सहकार्यलाई अघि बढाउने काम भएको छ। सन् १९९० देखि इटालीको वैज्ञानिक संस्थासँग मिलेर लोबुचेस्थित पिरामिड ल्याबको प्रयोग गर्दै उच्च धरातलीय अनुसन्धान कार्य गर्दै आएकामा सन् २०१५ देखि सो कार्य अवरुद्ध भएकाले त्यसलाई सूचारु गर्ने व्यवस्था मिलाइएको छ। सन् २०१९ मा जापानको वैज्ञानिक संस्था क्युटेकसँगको सहकार्यमा नास्टले नेपालकै प्रथम न्यानो स्याटलाइट (नेपाल स्याट १) अन्तरिक्षमा प्रक्षेपण गरेको थियो। त्यस्तै सन् २०२४ मा भारतको अन्तरिक्ष अनुसन्धान संस्था 'आएएसआरओ'सँग दोस्रो न्यानो स्याटलाइट (मुनाल) चाँडै प्रक्षेपण गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ। भारतको राष्ट्रिय वैज्ञानिक तथा औद्योगिक अनुसन्धान संस्था 'सिएसआइआर'सँग विज्ञान तथा औद्योगिक अनुसन्धानका बृहत् विषयमा सहयोग र सहकार्य निम्ति समझदारी पत्रमा हस्ताक्षर गरिएको छ। यस संस्थासँगको संयुक्त कार्यक्रम तथा प्रविधि हस्तान्तरणबाट नेपाललाई धेरै फाइदा पुग्ने अपेक्षा गरिएको छ।

यस वर्ष जापानको वैज्ञानिक संस्था 'सिएसआइएस'सँग ग्लोबल नेभिगेसन स्याटलाइट सिष्टम (जिएनएसएस) प्रणालीलाई नेपालमा प्राकृतिक प्रकोप, आपत्कालीन समस्या पहिचान, यातायात प्रणाली, भूमि व्यवस्थापनजस्ता क्षेत्रहरूमा उपयोग गर्ने गरी समझौता गर्ने काम अघि बढेको छ।

यसैगरी स्थानीय संस्थाहरूसँग सहकार्य गर्ने काम अघि बढिरहेको छ। राष्ट्रिय प्रकृति संरक्षण कोषसँग प्रकृति संरक्षण विषयमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर गरिएको छ भने उद्योग वाणिज्य महासङ्घसँग सहयोग र सहकार्यका लागि छलफल सुरु भएको छ।

विज्ञान तथा प्रविधिको प्रयोग स्वस्थ र सुखी जीवन तथा राष्ट्रिय समृद्धिको प्राप्तिका लागि हुनुपर्दछ। यसको निमित्त राम्रो विज्ञान शिक्षा, अनुसन्धान, प्रविधि नवप्रवर्तन आधारभूत आवश्यकता हो। जनताको जीवनस्तर वृद्धि र देशको समृद्धिको निमित्त विज्ञान र प्रविधिको भूमिकालाई सशक्त बनाउने, वस्तुनिष्ठ र ठोस परिणाममुखी कार्यक्रम सञ्चालन गरी नाष्टको प्रतिष्ठामा वृद्धि गरी नाष्टलाई विश्वस्तरीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्ने हुन्छ। भावी योजना निर्माण गर्दा सरकारको चालु आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रम, विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, दिगो विकासका लक्ष्यलाई मार्गनिर्देशक मानिनेछ। योजना तयार गर्दा नास्टका विषयगत वैज्ञानिक उप-समितिहरु, नास्टबाट आयोजना गरिएका सम्मेलन, गोष्ठी, छलफलका प्रतिवेदन, अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थासँगको सहकार्य गर्ने समझदारी, विभिन्न मन्त्रालय एवं राष्ट्रिय संस्थाहरूसँग भएका समझदारी र सम्झौता, राष्ट्रिय योजना आयोगसँगको परामर्श, प्राज्ञसभाको सल्लाह सुझावलाई आत्मसात गरिएको छ।

योजनाको कार्यदिशा उत्पादन वृद्धि तथा उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउने नवीन प्रविधिहरुको विकास, अनुसन्धानलाई औद्योगिक उत्पादनसँग जोड्ने, विज्ञान शिक्षण आधुनिकीकरण, विज्ञान, गणित, इन्जिनियरिङ विधामा उच्च अध्ययन गरेका जनशक्तिको संख्यामा उल्लेख्य वृद्धि गर्न सहयोग गर्नु, भौतिकशास्त्र, रसायनशास्त्र र जीवशास्त्र वा फिजियोलोजी विधामा उत्कृष्ट स्तरको अनुसन्धान हुने वातावरण तयार गर्नु नास्टको लक्ष्य रहेको छ। त्यस्तै विज्ञान प्रविधिको राष्ट्रिय सूचना प्रणाली विकास गर्न युवा वैज्ञानिकहरूलाई अनुसन्धान तथा नवप्रवर्तनको पर्याप्त अवसर प्रदान गर्नु, परम्परागत प्रविधिको प्रवर्धन, प्रादेशिक अनुसन्धान केन्द्रहरूको प्रभावकारी सञ्चालन, बाञ्छित भौतिक संरचनाको निर्माणतर्फ लक्षित रहेको छ।

ती योजनाअन्तर्गतका कार्यक्रमलाई कृषि र खाद्य उत्पादन, स्वास्थ्य, विज्ञान शिक्षा, ऊर्जा, वन पैदावार, जलस्रोत, भौतिक पूर्वाधार, सूचना प्रविधि, औद्योगिक उत्पादन, वातावरण, जलवायु परिवर्तन एवं प्राकृतिक प्रकोपका क्षेत्रहरूमा सञ्चालन गर्ने धारणा रहेको छ। अन्तरिक्ष प्रविधि र उच्च धरातलीय अनुसन्धान तथा भूकम्प पूर्वसूचना प्रणालीको स्थापनालाई पनि महत्त्व दिइएको छ। उत्कृष्टस्तरको अनुसन्धानको लागि सबल र उत्कृष्ट प्रयोगशालाको निर्माण तथा उत्कृष्ट अन्तरराष्ट्रिय प्रयोगशाला एवं वैज्ञानिकहरूसँग सहकार्य गर्ने, प्रविधि नवप्रवर्तन प्रसार र स्थानान्तरणका लागि प्राविधिक भवनको निर्माण, प्रदेशहरूको विशेषताअनुरूप त्यहाँ स्थापित अनुसन्धान केन्द्रहरूको सुदृढीकरण र क्षमता विकास, वैज्ञानिकहरूको क्षमता विकास गर्ने योजना रहेको छ। यी सबै कार्यमा तीनै तहका सरकार, वैज्ञानिक समुदाय र आम नागरिकको सहयोग, सहकार्य र सद्भावको खाँचो पर्दछ।

(प्राडा दिलीप सुब्बा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का उपकुलपति हुन्)

गोपबाट

# जनस्वास्थ्यमा हैजाको प्रभाव

अंशु भूसाल



कुनै पनि नयाँ कुराको आविष्कार वा भनौं सुरुवात, को बाट भयो भनेर सोध्दा, सामान्यता व्यक्तिको नाम आउँछ, तर जनस्वास्थ्यमा 'हैजा'लाई पिताको रुपमा बुझिन्छ। १९औं शताब्दीमा भएको हैजाको कारणले जनस्वास्थ्यको जग तथा विकास भयो भन्दा अन्यथा नहोला। उचित उपचारको अभावमा, हैजाले शरीरमा गम्भीर रुपले पानीको मात्रा घटाउँछ र बिरामीको मृत्यु समेत हुन सक्छ। हैजाले बालबालिका तथा वृद्धवृद्धालाई बढी असर गर्दछ। हैजा रोकथाम गर्न सकिने रोग भए पनि जनस्वास्थ्यको समस्याको रुपमा चिनिएको छ।

सन् १८५४ मा लन्डनमा हैजाले महामारीको रुप लिएको थियो। जोन् इस्नोले अध्ययन तथा अनुसन्धान गरेर प्रदूषित पानी नै महामारीको मुख्य कारण हो भनेर पत्ता लगाएका थिए। त्यसको लागि उनले सोहो जिल्लामा भइरहेको यस महामारीको विस्तृत अनुसन्धान गर्दा, त्यहाँ रहेको ब्रोड स्ट्रिटको पानीको पम्प मुख्य स्रोत ठहरियो। पम्पको ह्यान्डल हटाएपछि, फलस्वरुप महामारी रोकिएको थियो। त्यसका साथसाथै, स्नोले लन्डनका घरहरुमा पानी प्रदान गर्ने दुईटा पानी वितरण प्रणालीको अध्ययन गरे। एउटाले थेम्स नदीको प्रदूषित भागबाट पानी ल्याउँथे भने, अर्कोले नदीको सफा भागबाट। सफा पानीको प्रयोग गर्नेमा रोगको संक्रमणको दर कम देखियो। यस अध्ययनले स्वच्छता अभियानलाई बलियो बनायो। रोग फैलिने कारण (मियास्मा सिद्धान्त अर्थात् दूषित हावा)बारे धारणा परिवर्तन गर्दै पानी शुद्धीकरण र नाली सरसफाइलाई प्राथमिकता दिन महत्वपूर्ण भूमिका खेल्यो। फलस्वरुप, सहरहरुले ढल व्यवस्थापन तथा पानी शुद्धिकरणमा विशेष ध्यान दिन थाले।

हैजाको फोहोर र संक्रमित पानीका मुहानसँग गहिरो सम्बन्ध छ। यो कुरा पत्ता लागेपछि आम मानिसमा सफा तथा शुद्ध पानी, व्यवस्थित फोहोर व्यवस्थापनको महत्व बढ्यो। पानी वितरणका संरचनाहरुमा ध्यान दिन थालियो। हैजामा स्नोले गरेको अध्ययन तथा अनुसन्धानले गर्दा इपिडिमियोलोजीको जग बस्यो। इपिडिमियोलोजी भनेको कुनै पनि रोगको वितरण र निर्धारक कारकहरुको अध्ययन हो जसले गर्दा रोगलाई फैलिनबाट नियन्त्रण गर्न, भविष्यमा हुन सक्ने प्रकोपहरु रोक्न तथा दीर्घकालीन रुपमा स्वास्थ्यमा सुधार गर्न महत्वपूर्ण भुमिका खेल्दछ। हैजा १८५४ मा मात्र नभई त्यो भन्दा अगाडि पनि हैजाले सताएको थियो र अनुसन्धानका कार्यहरुको पनि थालनी भएको थियो। सन् १८४८-४९ मा भएको हैजाको महामारीले हजारौंको ज्यान लियो, जसको कारण ब्रिटेनमा जनस्वास्थ्यको ऐन आयो।

त्यस समयको स्वास्थ्य प्रणालीले बिरामी भएपछि बल्ल स्वास्थ्यमा ध्यान दिन्थ्यो भने स्नोको अनुसन्धान पछि रोकथामका कार्यहरुमा ध्यान केन्द्रित हुन थालेको थियो। यस रोगको रोकथाममा शुद्ध पानीको पहुँच, उचित फोहोर व्यवस्थापन तथा सरसफाइका अभ्यासहरुले टेवा दियो।

विभिन्न समय र राष्ट्रमा भएको हैजाले, राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय साथ-सहयोगको महत्व पनि उजागर भयो। युरोपमा हैजा दोहोरि रहेकोले एक देशबाट अर्को देशमा हैजाको महामारी फैलिन नदिनको लागि के के गर्न सकिन्छ भनेर छलफल गर्ने माध्यम बनेको अन्तर्राष्ट्रिय सेनेटरी सम्मेलन (१९५१)ले स्वास्थ्यसम्बन्धी समस्याहरुलाई राष्ट्रहरुले कसरी समाधान गर्न सकिन्छ भन्ने प्रणालीको सुरुवात गर्यो। फलस्वरुप, विश्व स्वास्थ्य संगठन जस्ता अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाको स्थापना भयो।

हैजाको कारणले माइक्रोबायोलोजी (सूक्ष्म जीवविज्ञान)मा प्रगति भयो। रोबर्ट कोचले सन् १८८४ मा यसको कारक ब्याक्टेरिया (भिब्रियो कोलेरा) पत्ता लगाउनु भयो। यो खोजले लुईस् पास्चरले प्रतिपादन गर्नु भएको रोगको किटाणु सिद्धान्त (खुल्ला आँखाले देख्न नसकिने जीवाणु जस्तै ब्याक्टेरिया, भाइरस, फंगस हाम्रो शरीरमा प्रवेश गरेर रोग लाग्ने कारण बन्छन्।)लाई थप उर्जा दियो र त्यसका साथै रोगको रोकथाम तथा उपचारमा नयाँ आयाम ल्याउन सफल भयो।

त्यसैगरी, हैजाको कारणले स्वास्थ्य र जीवनको गुणस्तरबिचको अन्तरक्रियाले चर्चा पाएको थियो। र यसका साथै बढ्दो सहरी जीवनलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा नि मुख्य रह्यो। राष्ट्रहरुले पनि बढ्दो जनसंख्या, घरायसी अवस्था, सरसफाइलाई सम्बोधन गर्न स्वास्थ्य सम्बन्धि नीति तथा सहरी विकास योजनामा लागु गर्न लागे।

मुख्य कुरा भनेको त आम सर्वसाधारणलाई हैजा भनेको के हो भन्ने बारेमा विस्तृत जानकारी हुनु महत्वपूर्ण हो। यसले गर्दा आधुनिक स्वास्थ्य शिक्षाको आधार तयार भयो। सरकारी स्तरबाटै स्वास्थ्य क्षेत्रमा संलग्न हुँदा गरिरहेका गतिविधिले दिगोपन पाउने सम्भावना हुन्छ। जनस्वास्थ्यका विभाग तथा सम्बन्धित कार्यालयको स्थापनाले रोग फैलिन नदिन गरिएका गतिविधिदेखि त्यसको उचित निगरानी र अनुगमनलाई थप साथ र सहयोग दियो। हैजाले केवल हाम्रो व्यवहारलाई मात्र होइन, समाजको असमानता र विकासको कमीलाई पनि सतहमा ल्यायो। भन्ने नै हो भने, यस रोगले इपिडिमियोलोजी, सरसफाइ र रोगको रोकथाम गरेर स्वस्थ्य रहने विधिमा नँया आयाम दिँदै जनस्वास्थ्यलाई हालको अवस्थामा ल्याउन ठूलो भूमिका खेलेको छ।

हरेक घटनाबाट पाठ सिक्नु पर्दछ। हैजाले हामीलाई आधुनिक जनस्वास्थ्यका संकटहरु बुझ्न र उचित व्यवस्थापन गर्नको लागि अनुपम ज्ञान दिएको छ। रोगको निगरानी, अनुसन्धानमूलक खोज र सही आपतकालिन अवस्थालाई सम्बोधन गर्न स्पष्ट रुपले जानकारी दिन आवश्यक हुन्छ। यसले गर्दा, विश्वसनीयताको वातावरण सिर्जना भएर आवश्यक समन्वयमा सहज हुन्छ।

उदाहरणको लागि कोभिड १९ लाई हेर्न सक्छौं। जोन स्नोले नक्साको प्रयोग गरेर दूषित पानीलाई रोगको स्रोतका रुपमा पत्ता लगाएका थिए, जसले गर्दा सही ठाउँमा उपचार पुऱ्याउन मद्दत गर्यो। कोभिडको कुरा गर्ने हो भने, डिजिटल उपकरणहरुको प्रयोगले रोगहरुको पहिचान, तंथ्याक संकलन र जानकारी प्रसारण गर्न सहज भएको थियो। दुवै महामारीलाई गलत जानकारी र भ्रमले गर्दा रोकथाममा चुनौति भएको थियो। यी दुवै रोगले, व्यक्तिगत सरसफाइलाई अर्थपूर्ण उपायका रुपमा लिएको थियो।

हैजाको प्रकोपको कारणले नै सरसफाइ र शुद्ध पिउने पानी, समुदायको संलग्नता, जनचेतना, खोप तथा रोगीको निगरानीले प्राथमिकता पाएको हो। हाम्रो स्वास्थ्य प्रणाली वैज्ञानिक तथा व्यवहारिक बन्नुमा हैजाको महत्वपूर्ण भूमिका छ। सयौं वर्षपछि पनि, हैजाले हामीलाई रोगलाई रोकथाम गर्नुको महत्व र जनस्वास्थ्यलाई सुदृढ गर्न दिशा निर्देशन गरिरहेको छ। चाहे कोभिड होस् या कुनै नँया रोगहरु, हैजाबाट सिकेका पाठहरु अझैं पनि उत्तिकै सान्दर्भिक छ।

*(भूसाल जनस्वास्थ्य स्नातकोत्तरकी विद्यार्थी हुन्।)*

# देवदहमा रास्वपाको नगर कार्यालय उद्घाटन




देवदह । राष्ट्रिय स्वतन्त्र पार्टी देवदह नगर समितिको सम्पर्क कार्यालय उद्घाटन गरिएको छ । देवदह-७ मिलनचोकमा स्थापना गरिएको पार्टी कार्यालयको एक कार्यक्रमका वीच पार्टीका कार्यवहाक सभापति डोलप्रसाद अर्यालले उद्घाटन गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै अर्यालले मुलुकको अवस्था परिवर्तनको लागि एक पटक राष्ट्रिय स्वतन्त्र पार्टीलाई विश्वास गर्न आग्रह गरे । उनले ठुला राजनीतिक दलका नेताको अकर्मण्यताका कारण मुलुकमा राजनीतिक अस्थिरता मौलाएको बताउँदै देशको अर्थतन्त्र नाजुक अवस्थामा पुगेको बताए । अर्यालले मुलुकमा अस्थिरता हटाई शान्ति, समृद्धि र अमन चयन कायम गर्न रास्वपा जन्मिएको दावी गरे । नेता अर्यालले राजनीतिक दलका नेताहरू सत्ता स्वार्थमा केन्द्रित भएको बताउँदै स्थायित्व र समृद्धिको लागि राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत आवश्यक रहेको बताए । उनले अबको चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीले १५० सिट जित्ने गरि तयारी गरिरहेको बताउँदै सो अभियान सफल बनाउन सबै एकताबद्ध भएर लाग्न आग्रह गरे । उनले शिक्षाको नाममा अर्बौं रकम विदेश गईरहेको बताउँदै त्यसलाई रोक्नको लागि स्वदेशमै बस्ने वातावरण तयार गर्नुपर्ने औंल्याए । एक फरक प्रसङ्गमा बोल्दै नेता अर्यालले पार्टीमा अबको २० वर्ष कुनैपनि गुटउपगुट र स्वार्थमा नलागी नितान्त देश र जनताको मुद्दा बोकेर अभियानमा होमिएको उद्घोष गरे ।

उनले नीतिगत भ्रष्टचारका कारण देश दलदलमा फस्दै गएको बताउँदै भ्रष्ट नेताहरुको पछि लागेर देशको विकास हुन नसक्ने दाबी गरेका थिए ।

सोही अवसरमा मणिप्रसाद काफ्लेको अध्यक्षतामा ९ सदस्यीय राष्ट्रिय स्वतन्त्र पार्टी देवदह-७, को वडा समिति गठन गरेको छ ।

त्यस्तै उपसभापतिमा कर्णबहादुर पुनमगर, सचिवमा अर्जुन उपाध्याय र सदस्यहरुमा मञ्जु भूसाल, हिमलाल न्यौपाने, प्रेम क्षेत्री, राज ठाकुर, पूर्णबहादुर दर्जी र ध्रुवप्रसाद शर्मा रहेका छन् ।

पार्टीका नगर अध्यक्ष मेघनाथ भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय विभाग सदस्य गणेश पौडेल, प्रदेश सभापति देवराज पाठक, जिल्ला सचिव विष्णुप्रसाद पौडेल, क्षेत्रीय सदस्य रुकात्मक भारती, धर्मराज पौडेललगायतले बोलेका थिए । पार्टीका नगरउपाध्यक्ष ज्ञानचन्द्र भूसालको स्वागत र सचिव प्रकाश अधिकारीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# वन डढेलो सचेतना सप्ताह सुरु

नवलपरासी । जिल्लामा वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि वन डढेलो सचेतना सप्ताह सुरु भएको छ । सुख्खा मौसम सुरु भएसँगै वनमा डढेलोको जोखिम बढ्ने हुँदा त्यसको रोकथामका लागि सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष विशेष अभियान सञ्चालन गर्ने गरिएको छ ।

वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोबाट हुने जनधन र वनको क्षति न्यूनीकरण गर्न यही चैत ७ गतेसम्म 'वन डढेलो सचेतना सप्ताह' सञ्चालन गरिने डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख वसन्त केशव अधिकारीले बताए ।

जसअन्तर्गत समुदायमा वन डढेलो रोकथाम सम्बन्धी सचेतना गर्ने, फायर लाइन सफा गर्ने, नमुना अभ्यसा गराउने, पातपतिङ्गर हटाउने तथा जलाउनेलगायतका गरिने जनाइएको छ । कार्यालयले समुदाय, वन कर्मचारी तथा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्दै सप्ताहव्यापी कार्यक्रम अगाडि बढाउने कार्यालय प्रमुख अधिकारीले बताए ।

वनमा डढेलो लाग्न नदिन सबै नागरिकलाई सचेत हुन डिभिजन वन कार्यालयले आग्रह गरेको छ । वन डढेलोको उच्च जोखिम भएका जिल्लाहरू मध्ये नवलपरासी(बर्दघाट सुस्तापूर्व) १६औँ स्थानमा रहेको छ ।

जिल्लामा दुई सय १२ वटा सामुदायिक वन, एक सय ६९ वटा कबुलियती वन, नौ वटा धार्मिक वन र एक वटा साझेदारी वन छन् । जिल्लाको कुल भूभागको ५८ प्रतिशत वन क्षेत्रले ढाकेको छ ।

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।१०।२५ गते अंसुरैनाबाट देखि बुटवल आउने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

नाम: किशुन मुराउ
ठेगाना: अंसुरैना-१, रुपन्देही
बिमा लेख न. : २५११०१२०७
मोबाइल न.: ९८०५४५६३१०

## रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

### भैरवस्थानको पार्किङ ठेक्काको लागि वोलपत्र आब्हानको सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८१।१२।०१)

रिब्दीकोट गाउँपालिका वडा नं. ४ मा रहको भैरवनाथ मन्दिरमा आउने भक्तजनहरुका सवारी साधनको पार्किङ ब्यवस्थित गर्ने प्रयोजनको लागि पार्किङ क्षेत्र निर्धारण गरी भाडामा दिने निर्णय भएकोले इच्छुक फर्म वा कम्पनीबाट नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि फर्मको नवीकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र जग्गा भाडामा लिएपछि पार्किङ ब्यवस्थापन सम्बन्धी योजना, पूर्वाधारहरु निर्माण गर्ने भए सो को समेत योजना संलग्न गरी देहायको शर्त र अधीनमा रही गोप्य शिलबन्दी प्रस्ताव पेश गर्ने बारे सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

| सि. न. | सूचना नं. | विवरण | न्यूनतम कवोल रकम (बार्षिक)(सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर | समयवधी |
|---|---|---|---|---|---|---|
| १ | RRM/A/02-081/082 | भैरवनाथ मन्दिर र बजार आसपासको पार्किङ ब्यवस्थापन | २,००,०००।०० (दुई लाख मात्र) | कवोल अंकको ५ प्रतिशतले हुने रकम | ३,०००।०० | १५ बर्ष |

**शर्तहरुः**

१. बोलपत्र फारम यस कार्यालयको राजश्व शाखाबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ३ बजे भित्र उल्लेखित रकमतिरी (फिर्ता नहुने गरी) खरिद गरी सोह्रौ दिनको १ बजे भित्र गोप्य शिलबन्दी गरी बुझाउनुपर्नेछ ।
२. बोलपत्र सम्बन्धी फारम भर्दा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम यस कार्यालयको NICASIA BANK मा रहेको ग.३ धरौटी खाताः ०९०CA५००२३३०४१००४ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी जारी भएको भई ९० दिनको म्याद रहेको विड बन्ड ।
३. सवारी साधनबाट उठाउने शूल्कको निर्धारण रिब्दीकोट गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी(ब.सु.पु.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८१/१२/०३

यस कार्यालयबाट मिति २०८१/११/१३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकासित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | 06/NCB/MB/WORKS/2081/82 ,Kusunde krishi sadak(Chaupari khanda), Arunkhola bhupu chowk dekhi madhyabindu 12 jane sadak, bhirkhetandibhitrimul sadak | Reads Engineering Construction Company, Gokerneshwor-02, Kathmandu, Nepal | 7021773.00 | |

प्रमुख प्रशासकीय अधिकृत

## Gandaki Provincial Government
### Ministry of Physical Infrastructure Development and Transport Management
### Infrastructure Development Directorate
## Infrastructure Development Office
Nawalparasi, (BSE), Kawasoti

### REQUEST FOR EXPRESSION OF INTEREST (EOI)

**EoI : IDO/NAW(BSE)/EOI/RE/01/081-82**

Date of Publication:16March, 2025

1. Province government , Ministry of Physical Infrastructure Development and Transport Management, infrastructure Development Directorate, Infrastructure Development office Kawasoti, Nawalparasi has allocated fund to be used for consulting services for Planning , Design ,implementation, supervision, quality control in road projects from hiring eligible Individual Consultant (National ) for following districts as mentioned below .

| S.N. | Post | District | Nos | Qualification and Work Experiences |
|---|---|---|---|---|
| 1 | Road Engineer | Nawalparasi (BSE) | 1 (One) | Bachelor's degree in Civil Engineering with minimum general experience of 7 years and specific experience of 5 years of planning, design, construction, supervision and quality control of road projects including at least one 10 km and total 15 km bituminous pavement road project. |

2. Interested eligible consultants may obtain further information and EoI document free of cost at the address Infrastructure Development office Kawasoti, Nawalparasi,during office hours on or before 1 April 2025or can be downloaded and Detailed information can be obtained from http://idonawalpur.gandaki.gov.np.

Office Chief

## Tinau Rural Municipality
## Office of the Rural Municipal Executive
Dobhan, Palpa Lumbini Province, Nepal

### Notice of Invitation for Sealed Quotation.

Publication Date: 2081/12/03 (2025 March 16 A.D)

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible bidders for Supply and Delivery of Medicine and Surgical Items (Phase II) as under SQ procedure.
2. Interested eligible Bidders/Medicine Suppliers/Manufacturers may obtain further information from the office of Tinau Rural Municipality Phone No:075413064/9857077098/9847243082 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs. on 17 Chaitra 2081 (2025 March 30 A.D) and Bid Opening will be held on same day at 13:00Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| Contract Number | Description of Works | Estimated Amount | Bid Security Amount (NRs) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/SQ /GOODS/ 04/2081-082 | Supply and Delivery of Medicine and Surgical Items (Phase II) | 8,99,687.74 (With VAT) | 20,000.00/- | 1,000.00/- | Online E-Bid. |

4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. ***Information to deposit the cost of bidding document in Bank:***
Name of the Bank: Laxmi Bank Limited.
Name of Office: Office of Tinau Rural Municipality Office Code no. : 801055003
Office Account No:08103000028(For Bid Fee), Office Account No.:08103000185(For Bid Security)
Note: This tender was alredy published on Bolpatra website on 2081/12/02 please visit the www.bolpatra.gov.np/egp system.

Chief Administrative Officer

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

एसईई परीक्षा :

# नवलपुरमा तयारी पूरा, २८ परीक्षा केन्द्र निर्धारण




नवलपुर । यही चैत ७ बाट सुरु हुने एसईई परीक्षा २०८१ को सम्पूर्ण तयारी पूरा भएको शिक्षा विकास तथा समन्वय इकाई नवलपुरले जनाएको छ । परीक्षाका लागि केन्द्र निर्धारण, सुरक्षा प्रबन्ध तथा सम्बन्धित केन्द्रसम्म उत्तर पुस्तिकाहरू पुराउने काम सकिएको इकाई प्रमुख दीपेन्द्रराज श्रेष्ठले बताए । श्रेष्ठका अनुसार विद्यार्थीहरूलाई पायक पर्ने हिसाबले आउँदो एसईईका लागि जिल्लामा २८ परीक्षा केन्द्र बनाइएको छ ।

जसमा पालिकागत रूपमा गैंडाकोटमा ४ देवचुलीमा ५ कावासोतीमा ७ मध्यबिन्दुमा ५ बिनयी त्रिवेणीमा २ हुप्सेकोटमा ३ बौदिकालीमा १ र बुलिङ्गटार गाउँपालिकामा १ परीक्षा केन्द्र निर्धारण गरिएको श्रेष्ठले जानकारी दिए ।

परीक्षा केन्द्र रहेका विद्यालयहरूमा डेढगाउँ मावि डेडगाउँ, त्रिभुवन मावि बुलिङ्ग, कालिका सेकेन्डरी स्कुल, जनक मावि, नेपाल राष्ट्रिय शमशेर आदर्श मावि गैडाकोट र लक्ष्मी सेकेन्डरी स्कुल अमरापुरी रहेको छ ।

यस्तै वरचुली सेकेन्डरी स्कुल फारम, देवचुली मावि रजहर, नेपाल मावि केउरेनी, जनज्योति मावि र जनज्योति नमूना मावि प्रगतिनगरलाई परीक्षा केन्द्र बनाइएको छ ।

यसरी नै अन्य परीक्षा केन्द्रमा शिव सेकेन्डरी स्कूल, सहिदस्मृति मावि शिवबस्ती, ज्ञानोदय मावि कावासोती, जीवनज्योति मावि कावासोती ३, जनता मावि सहिद नगर,जनता मावि त्रिभुवनटार डण्डा र सरस्वती मावि गोछडा रहेका छन् ।

जनता मावि बेलुवा, सरस्वती संस्कृत तथा साधारण मावि गिरूवारी, हुप्सेकोट मावि मौलाथर, नवलपुर सेकेन्डरी स्कुल, नवजागर मावि चोरमारा, जनता मावि मंगलचौर तथा जनता सेकेन्डरी स्कुल अरूणखोलालाई परीक्षा केन्द्र बनाइएको छ । त्यस्तै नारायणी गण्डकी सेकेन्डरी स्कूल त्रिवेणीधाम र भानुदय मावि दुम्किबासलाई एसईई परीक्षा केन्द्र तोकिएको छ ।

यस वर्ष नवलपरासी पूर्व नवलपुरमा नियमित तर्फ ५ हजार ८ सय २६ तथा ग्रेड वृद्धिका ६ सय ५६ गरी कुल ६ हजार ४ सय ८२ विद्यार्थी एसईई परीक्षामा सहभागी रहने छन् । जसमा छात्रा संख्या ३ हजार २ सय ४७ र छात्रको संख्या पनि बराबरी जस्तै ३ हजार २ सय ३५ रहेको छ । बताएअनुसार जिल्लामा ८६ सामुदायिक,४९ संस्थागत,५ गुरूकुल, प्राविधिकधारतर्फ ८ र खुल्लातर्फ १ विद्यार्थीले एसईई दिनेछन् ।

एसईई परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन ३ महिलासहित २८ प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ ।

त्यसैगरी ४३ सहायक केन्द्राध्यक्ष, ३ सय २४ निरीक्षक, परीक्षा सहायक ६४ कार्यालय सहयोगी १ सय २९ र सुरक्षाकर्मी ४ सय २० जना गरी कुल १ हजार ८ जनशक्ति एसईईका लागि परिचालित हुने भएका छन् । विद्यार्थी संख्याका हिसाबमा यस पटकको एसईई परीक्षामा भीमसेन आदर्श माविले जिल्लामै सर्वाधिक २ सय २८ र श्रीमद् रामानुज बेदविद्याश्रम गैंडाकोटले ३ विद्यार्थी सहभागी गराएको छ ।

परीक्षा केन्द्रहरूमा सबैभन्दा धेरै परीक्षार्थी संख्या भानुदय माविं दुम्किबास रहेको छ, जसमा ४ सय ३३ विद्यार्थी रहेका छन् । त्यसैगरी हुप्सेकोट मावि मौलाथर केन्द्रमा ४७ परीक्षार्थी रहेको शिक्षा विकास तथा समन्वय इकाई कार्यालय नवलपुरले जनाएको छ ।

पीएम कप क्रिकेटः

# आर्मी र पुलिसको सानदार जित



भैरहवा । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा ओपनर तृतराज दासको शतकमा त्रिभुवन आर्मी क्लबले लगातार चौथो जित निकालेको छ । आर्मीले शनिबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा कोशी प्रदेशलाई ७ विकेटले हराएको हो ।

२ सय ३१ रनको लक्ष्य आर्मीले ४७.१ ओभरमा ३ विकेट गुमाएर पूरा गर्यो । आर्मीको जितमा ओपनर तृतराज दासले नटआउट रहँदै सर्वाधिक १ सय १२ रन जोडे । यस्तै, बसिर अहम्मदले अविजित ६१ र विनोद भण्डारी २७ रन बनाए । कोशीका लागि प्रकाश कार्की, सन्दीप ढुगांना र भुपाल लुईंटेलले समान १-१ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्दै कोशीले ४९.३ ओभरमा २ सय ३० रन बनाएको थियो । कोशीका लागि सुभान गहतराजले सर्वाधिक ५१ रन जोडे । यस्तै, सोनु अन्सारीले ४४ र सुजन थपलियाले ४२ रन जोडे । आर्मीका लागि सोमपाल कामीले ४, शाहब आलम र आकाश चन्दले समान २-२ तथा कुशल मल्लले १ विकेट लिए । आर्मी खेलेका ४ खेलमा अपराजित रहँदै ८ अंकमा रहेको छ । खेलेका सबै चारै खेलमा पराजित कोशी अंकतालिकाको पुछारमा छ ।

यस्तै, शनिबार नै दाङको लमहीस्थित देउखुरी क्रिकेट मैदानमा भएको खेलमा साविक विजेता नेपाल पुलिस क्लबले आफ्नो जितको यात्रालाई निरन्तरता दियो । लगातार चौथो जित निकाल्ने क्रममा पुलिसले मधेश प्रदेशलाई १ सय ९३ रनले हरायो । टस जितेर ब्याटिङ गरेको पुलिसले ४९.५ ओभरमा २ सय ८८ रन बनाएको थियो ।

पुलिसका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले ६३, आरिफ शेखले ५५, अर्जुन साउदले ४७, दीलिप नाथले ४५ र शंकर रानाले २७ रन बनाए । मधेशका रुपेश सिंहले ४, विशाल पटेलले ३, कमल गुप्ताले २ तथा रञ्जित कुमारले १ विकेट लिए ।

२ सय ८९ रनको विशाल लक्ष्य पछ्याएको मधेश २६.१ ओभरमा सबै विकेट गुमाएर ९५ रनमा समेटियो । मधेशका लागि दिपेश दासले सर्वाधिक ३१ र रुपेश सिंहले १६ रन बनाए । पुलिसका लागि ललितनारायण राजवंशीले ९.१ ओभरमा २८ रन खर्चिएर ४ विकेट लिए । कुशल भुर्तेलले २ तथा करण केसी, सागर ढकाल र कप्तान दीपेन्द्रसिंह ऐरीले समान १-१ विकेट लिए । जितसँगै पुलिस अंक तालिकाको पहिलो स्थानमा उक्लिएको छ । पराजित मधेशको ३ खेलमा २ अंक छ ।

# कालिका मानवज्ञान माविमा ‘कालिका संसद’



बुटवल । बुटवल उप-महानरपालिका वडानम्बर १० मा रहेको कालिका मानवज्ञान माविका कानून संकायमा अध्ययनरत विद्यार्थीले ‘कालिका संसद’ को अभ्यास गरेका छन् । शनिबार कानुन विद्यार्थी समाज कालिकाको आयोजनामा नमूना संसद अभ्यास गरिएको हो ।

समाजका अध्यक्ष सन्जोग न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाई रुपन्देहीका प्रमुख माधव बन्जाडेको प्रमुख आतिथ्यता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवाली, विद्यालयका प्रधानाध्यापक दिनेश थापा, विद्यालयका शैशिक्षक सल्लाहकार तथा पूर्व प्रधानाध्यापक तथा बुटवल कालिका क्याम्पसका क्याम्प प्रमुख घनश्याम पाठक, बुटवल कालिका क्याम्पसका अध्यक्ष तथा कालिका मानवज्ञान माविका पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष होम ज्ञवालीको विशिष्ठ आतिथ्ययता रहेको थियो । कार्यक्रममा विद्यालयका सह-प्रध्यानाध्यापक पिताम्बर बन्जाडे, व्यवस्थापन इञ्चार्ज शेरचन्द गिरी, कानून तथा माविकी संकाय इञ्चार्ज विमल आत्रेयसहितका कानुन संकाय संयोजक युवराज कन्डेलको समेत आतिथ्यता सरेको थियो ।

विद्यालयका शिक्षक अधिवक्ता दामोदर घिमिरेको संयोजकत्वमा भएको कार्यक्रममा विद्यार्थीहरुले नमूना अभ्यासअन्तर्गत प्रधानमन्त्रीको चयन, संसादमा विधेयक दर्तादेखि लिएर पारि गर्नेदेखि लिएर संसदको शून्य र विशेष समयमा समसामयिक विषयमा आ-आफ्नो धाराण राखेका थिए ।

कार्यक्रममा बोल्दै शिक्षा विकास तथा संमन्वय एकाई रुपन्देहीका प्रमुख माधव बन्जाडेले पछिल्लो समयमा कानून विषय सबैको लागि अनिवार्य आवश्यकता जस्तै भएको बताएका थिए । उनले कानून व्यवहारिक विषय समेत भएकोले विद्यार्थीहरुले गरेको नमूना अभ्यास आफैँमा गौरवपूर्ण भएको बताए ।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाले बोल्दै व्यवहारिक अभ्यास संगै कालिका मानवज्ञान मावि अगाडि बढिरहेको बताउँदै सबै को साझा प्रयासबाट विद्यालयको नतिजा सुधारदेखि लिएर सबै क्षेत्रमा कायपलट गर्न सकिने धाराणा राखेका थिए ।

विद्यालयका पूर्व प्रधानाध्यापक तथा बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख घनश्याम पाठकले विद्यार्थीहरुको अभ्यास कला विकासको लागि यी र यस्ता प्रकृतिका कार्यक्रम आवश्यक रहेको बताएका थिए । उनले कानून विषय आफैँमा व्यवहारिक रहेको भन्दै यसको महत्व पछिल्लो समयमा अझ बढ्दै गएको बताएका थिए । कार्यक्रममा राष्ट्रपतिको भूमिका दिया आचार्य, सभामुखको भूमिका काजल पाण्डे, प्रधानन्त्रीको भूमिका विवस पाण्डे, प्रदेशसभा सचिवको भूमिका सदीक्षा भट्टराई, उप-सचिव विन्दु पौडेलले निर्वाह गरेका थिए ।

विद्यार्थीहरुले शुन्य समयमा विविध समस्याको विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए भने विशेष समयमा समेत समसामयिक विषयमा आ आफ्नो धाराणा प्रस्तुत गरेका थिए ।

# स्ववियु निर्वाचन गराउन राजनीतिक दलको आव्हान




नवलपुर । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन चैत पाँच गते नै गराउन यहाँका राजनीतिक दलले आह्वान गरेका छन् ।

नवलपुर जिल्लामा त्रिविबाट सम्बन्धन प्राप्त क्याम्सहरुमा विभिन्न विद्यार्थी संगठनको तालाबन्दी र नेपाल पब्लिक क्याम्पस संघ नवलपुरको विज्ञप्तिप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै तालाबन्दी गरिएका सबै क्याम्पसहरुको तालाखोल्न र आन्दोलनका सबै कार्यक्रम स्थगित गरी सबै विद्यार्थी संगठनहरुको सहमतिका आधारमा निर्धारित मितिमै निर्वाचन गराउन यहाँका चार राजनीतिक दलले आह्वान गरेका हुन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेकपा (एकिकृत समाजवादी) नवलपुरले सयुक्त रुपमा प्रेस विज्ञप्ति जारी गरि चैत ५ गते निर्वाचन गराउन आह्वान गरेका हुन् ।

सयुक्त रुपमा जारी विज्ञप्तिमा भनिएको छ- ‘स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन-२०८१ को सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले जारी गरेको निर्वाचन कार्यतालिका अनुसार यस नवलपुर जिल्लामा त्रिविबाट सम्बन्धन प्राप्त क्याम्पसहरुमा विभिन्न विद्यार्थी संगठनका तालाबन्दी र नेपाल पब्लिक क्याम्पस संघ नवलपुरको मिति २०८१ फागुन २८ गते जारी विज्ञप्तिप्रति यसै जिल्लाका प्रमुख तपसिलका हामी राजनीतिक दलहरुको गम्भीर ध्यानाकर्षण भएको छ । विविध कारणले स्ववियु निर्वाचन स्थगित हुनु/नहुने वातावरण बन्नुले आम विद्यार्थीहरुको निर्वाचनमा सहभागी हुन पाउने लोकतान्त्रिक हक अधिकार बञ्चित भएको महसुस गरेका छौं । तसर्थ तालाबन्दी गरिएका सबै क्याम्पसहरुको तालाखोल्न र आन्दोलनका सबै कार्यक्रम स्थगित गरी सबै विद्यार्थी संगठनहरुको सहमतिका आधारमा सहज वातावरणमा निर्वाचन प्रक्रिया अगाडि बढाउन आग्रह गर्दै नेपाल पब्लिक क्याम्पस संघ नवलपरासी (ब.सु.पू) लाई सम्पूर्ण विद्यार्थी संगठनहरुसँग छलफल गरी सहमतिका आधारमा अबिलम्व तोकिए कै मिति २०८१ चैत्र ५ गते नै निर्वाचन गराउन आह्वान गर्दछौं ।’

सबै पक्षको सहमतिमा सहज वातावरणमा निर्वाचन प्रक्रिया अघि बढाउने विषयमा आफूहरु एकमत रहेको नेकपा एमाले नवलपुरका सचिव भिमलाल कँडेलले बताए ।

नेपाल पब्लिक क्याम्पस संघ नवलपुरलाई सम्पूर्ण विद्यार्थी संगठनहरुसँग छलफल गरी सहमतिका आधारमा अबिलम्व तोकिएका मिति चैत ५ गते निर्वाचन गराउन आफूहरुले आह्वान गरेको उनले बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com